## स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः ३** **मितिः २०७७/०३/१७**

## भाग-२

### स्वामीकार्तिक खापर गाउँपालिका

### स्वामीकार्तिक खापर गाउँपालिकाको नवीकरणीय ऊर्जा नीति, २०७७

स्वामीकार्तिक खापर गाउँपालिका सुर्डआउला वार्ड, बाजुरा

**स्वामीकार्तिक खापर गाउँपालिकाको नवीकरणीय ऊर्जा नीति, २०७७**

## १. पृष्ठभूमि

नेपालले सङ्घीय शासन प्रणाली अङ्गीकार गरी राज्यको मूल संरचनाका रुपमा संघ, प्रदेश र स्थानीय तहको व्यवस्था गरेको छ । साथै तहगत सरकारका बिषयक्षेत्रगत अधिकारको उल्लेख गरेको छ । नेपालको संविधानको धारा ५१ को खण्ड (छ) को (३) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने राज्यको समग्र नीति रहेको छ ।

संविधानको अनुसूची ८ को बुँदा १९ मा साना जलविद्युत् आयोजना र वैकल्पिक ऊर्जा सम्बन्धी बिषय गाउँपालिका र नगरपालिकाको अधिकारको सूचीमा राखेको छ ।संविधानको धारा ५७ को उपधारा (४) बमोजिम स्थानीय तहले कानून बनाई उक्त अधिकारको प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ । साथै संविधानको अनुसूची ९ को बुँदा ५ ले विद्युत् सेवालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रको रुपमा उल्लेख गरेको छ ।

संविधानको प्रावधान बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले ऊर्जा सम्बन्धी स्थानीय सरकारको कार्यजिम्मेवारीलाई विस्तृतीकरण गरेको छ । उक्त ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ध) को बुँदा ३ देखि७ मा देहाय बमोजिमको कार्यजिम्मेवारी गाउँपालिका र नगरपालिकाको रहेको छ,

(क) एक मेगावाट सम्मका जल विद्यतु आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन, अनुगमन र नियमन गर्ने,

(ख) स्थानीय तहमा वैकजल्पक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन, अनुगमन र नियमन गर्ने,

स्वामीकार्तिक खापर गाउँपालिका, सुर्जिउला, बाजुरा

(ग) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन गर्ने,

(घ) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिबृद्धि र प्रवर्द्धन गर्ने,

(ङ) साना जलविद्यतु आयोजना तथा वैकजल्पक ऊर्जा सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले नवीकरणीय र वैकल्पिक ऊर्जाको उपयोग, गुणस्तर र मापदण्ड निर्धारणको कार्यअधिकारक्षेत्र नेपाल सरकारको रहने व्यवस्था गरेको छ । साथै नेपाल सरकारको जलस्रोत र उर्जाको दिगो विकास संरक्षण, उपयोग र पानीको बाँडफाँट तथा जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माण सम्बन्धी एकिकृत नीति, कानून, मापदण्ड र नियमनको कार्यजिम्मेवारी निर्धारण गरेको छ ।

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ ले वैकल्पिक ऊर्जा सम्बन्धी किटानी व्यवस्था नगरे पनि प्रदेशस्तरको उर्जा, विद्युत, सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन तथा उर्जा, विद्युत सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन गर्ने कार्यजिम्मेवारीको व्यवस्था गरेको छ ।

नवीकरणीय ऊर्जा प्राकृतिक स्रोतबाट उपलब्ध हुने, अनन्त कालसम्म पुनः प्रयोग गर्न सकिने र वातावरण मैत्री हुने गर्दछ । नवीकरणीय ऊर्जालाई बैकल्पिक ऊर्जा वा स्वच्छ ऊर्जा पनि भन्ने गरिएको छ ।नेपालले वैकल्पिक ऊर्जाका सम्बन्धमा केही प्रतिबद्धता जाहेर गरेको छ । देशभरिमा हालसम्म वैकल्पिक ऊर्जाको स्रोतबाट करिब ५५ मेगावट विद्यु उत्पादन भई देशका करिब ३६ लाख घरधुरी लाभान्वित भएका छन । वैकल्पिक ऊर्जाको माध्यमबाट देशका १८ प्रतिशत जनताको विद्युतमा पहुँच पुग्नुका साथै करिब ३० हजार रोजगारी सिर्जना भएको र देशको कुल उत्पादित स्वच्छ ऊर्जामा वैकल्पिक ऊर्जाको योगदान ३.२ प्रतिशत रहेको छ । पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८०/८१) ले लघु तथा साना जलविद्युत उत्पादनबाट १३ मेघावाट, सौर्य विद्युत प्रणालीबाट १२७ मेघावाट

नवीकरणीय ऊर्जा उत्पादन भई थप ५ प्रतिशत जनतालाई विद्युत सेव पुगाउने लक्ष्य लिएको छ । यसका साथै २ लाख घरायसी बायोग्यास प्लान्ट, ५ लाख सुधारिएको चुलो र र ग्यासीफायर जडान गर्ने लक्ष्य लिएको छ । वैकल्पिक ऊर्जा प्रविधिबाट २ हजार लघु, साना तथा मझौला उद्योगमा ऊर्जा उपलव्ध हुने अपेक्षा गरेको छ । उल्लिखित लक्ष्य प्राप्तिको लागि गाउँपालिका र नगरपालिकाको योगदान र नेतृत्वदायी भूमिका अपेक्षित रहेको छ ।

दिगो विकास लक्ष्यको सातौं लक्ष्य अन्तर्गत गरिएको प्रतिबद्धता अनुसार ९० प्रतिशत जनतालाई विद्युत् उपलब्ध गराउने, खाना पकाउन ७० प्रतिशत घरधुरीले सरल इन्धन प्रयोग गरेको सुनिश्चित गर्ने र २०८७ सालसम्ममा कूल खपत हुने ऊर्जामा नवीकरणीय ऊर्जाको ५० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । उल्लिखित राष्ट्रिय लक्ष्य र प्रतिबद्धता पुरा गर्न संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकार्य एवं समन्वय र मूलतः वैकल्पिक ऊर्जा क्षेत्रमा स्थानीय सरकारको नेतृत्वदायी भूमिकालाई सुदृढ गर्नु अपरिहार्य भएको छ ।

उल्लिखित पृष्ठभूमिमा नेपालको संविधान, प्रचलित नेपाल कानून र राष्ट्रिय नीति अनुकुल संघ, प्रदेश र स्थानीय तहबीचको परस्पर समन्वय र सहकार्यका आधारमा स्थानीय स्तरमा नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विकास गर्न आवश्यक नीतिगत, संरचनागत र प्रक्रियागत आधार तयार गर्न अपरिहार्य भएको छ । यसका साथै पालिका क्षेत्रभित्रका नागरिकलाई बिजुली बत्ती, खाना पकाउने, पानी तताउने, अन्य उपभोग्य प्रयोग, व्यावसायिक प्रयोग र उत्पादनमूलक ऊर्जाको प्रयोग, साना तथा घरेलु उद्योगको लागि आवश्यक ऊर्जा (अन-ग्रिड र अफ-ग्रिड प्रविधिहरुमार्फत) उपलब्ध गराई समनतामूलक आर्थिक विकासका लागि नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विकास गर्न आवश्यक र वाञ्छनीय भएकाले यो नवीकरणीय ऊर्जा नीति, २०७६ तयार गरिएको छ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा,-

(क) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिकासम्झनुपर्छ ।

(ख) “नीति” भन्नाले पालिकाको नवीकरणीय ऊर्जा नीति, २०७६ सम्झनुपर्छ ।

(ग) ‘‘नवीकरणीय ऊर्जा’’ भन्नाले सौर्य ऊर्जा (सौर्य फोटोभोल्टाइक, सौर्य तापीय ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा (बायोमास, बायोग्याँस, बायोफ्युल, फोहोरबाट उत्पादित ऊर्जा, बायोजेनिक ग्याँस), सुधारिएको पानी घट्ट, हाइड्रोजन ऊर्जा, भूतापीय ऊर्जा तथा जलस्रोतबाट उत्पादित विद्युत् सम्झनुपर्छ । सो शब्दले नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नवीकरणीय ऊर्जाको स्रोत भनी तोकेको अन्य स्रोतबाट उत्पादित ऊर्जालाई समेत जनाउँछ ।

(घ)“पालिका” भन्नाले यो नीति पारित गरी लागू गर्ने सम्बन्धित गाउँपालिकासम्झनुपर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(च) “स्थानीय कानून” भन्नाले गाउँ सभा वा नगर सभाले बनाएको स्थानीय कानून सम्झनुपर्छ ।

(छ) “नेट मिटरीङ्ग (Net Metering)” भन्नाले उत्पादित ऊर्जालाई राष्ट्रिय प्रसारणमा जोड्दा Billing गर्ने प्रणालीलाई सम्झनुपर्छ ।

(ज) “ऊर्जा दक्षता” भन्नाले ऊर्जाको उत्पादन कम लागतमा उपलब्ध भएको कच्चा पदार्थबाट बढीभन्दा बढी ऊर्जा उत्पादन गर्ने र ऊर्जा खपतबाट उपभोक्ताले तिर्ने महसुल कमी भई कम खपतबाट बढीऊर्जा प्राप्त हुने अवस्थालाई सम्झनुपर्छ ।

**३.वर्तमान स्थिति :**

यस खण्डमा उल्लेख गर्नुपर्ने ऊर्जा विकासको स्थिति प्रत्येक नगरपालिका र गाउँपालिकाको अलग अलग हुने भएकाले यस नमूना नीतिमा समावेश गर्न सकिएको छैन । यस खण्डमा उल्लेख गर्नुपर्ने बिषयहरु लेखन गर्न सहजता होस् भन्ने उद्देश्यले देहाय बमोजिमको खाका दिइएको छ । गाउँपालिकाको पूर्वाधार शाखा, महाशाखा वा अन्तर्गतको ऊर्जा विकास शाखा/इकाईको प्राबिधिक सहयोगमा यस खण्डमा सम्बन्धित पालिकाको भौगोलिक अवस्थिति, जनसङ्ख्या, आर्थिक स्थिति, पेशा व्यवसाय, विभिन्न ऊर्जाका स्रोतहरु, तिनीहरुको प्रयोगको स्थिति जस्ता कुराहरु संक्षिप्तरुपमा उल्लेख गरी पूर्णता दिनु पर्नेछ ।

**परिचय**

- भौगालिक अवस्थिति,
- जनसङ्ख्या, जातजाति, आर्थिक स्थिति, पेशा व्यवसाय, आदि

**ऊर्जाको उपलब्धताः**

- विभिन्न स्रोतहरुमार्फत समग्र ऊर्जाको उपलब्धता तथा ऊर्ज विकासको सम्भावना र अवसरहरु
- समग्रमध्ये ग्रिड र अफ्-ग्रिड प्रविधिमार्फत नवीकरणीय ऊर्जाको उपलब्धता
- समग्र ऊर्जाको मागमध्ये नवीकरणीय ऊर्जाको माग र उपलब्ध स्रोतहरुको अवस्था,
- नवीकरणीय ऊर्जाको माग पूर्ति गर्न ग्रिड र अफ्-ग्रिड प्रविधिको लागि उपलब्ध स्रोतहरुको अवस्था,

**ऊर्जाको प्रयोग, अवस्था, माग र पूर्तिः**

- स्रोत
- स्थानीय तहमा ऊर्जा प्रयोगको अवस्था,
- नवीकरणीय ऊर्जाको प्रयोगको अवस्था र अपुग परिमाणको अवस्था,

४. **विगतका प्रयासहरु**

- परम्परागत रुपमा ऊर्जा उपयोगमा भएका नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधारका प्रयास,
- आधुनिकीकरणको लागि भएका प्रयास,

**५. समस्या तथा चुनौतीहरु :**

नवीकरणीय ऊर्जा प्रवर्द्धन र विकास गर्न वर्तमान समस्या कस्ता छन्, स्रोतको उपलब्धता कस्तो छ, अपुग परिमाणको अवस्था कस्तो छ, अन-ग्रिड र अफ्-ग्रिड प्रविधिहरुको अवसर र सम्भावना कस्ता छन्, सो सम्बन्धमा छोटकरीमा उल्लेख गर्ने र समग्रमा ऊर्जा क्षेत्र तथा मूलतः नवीकरणीय ऊर्जाको उपलब्धता, उत्पादन, विकास र प्रवर्द्धन तथा प्रयोगसँग सम्वन्धित नीतिगत, संरचनागत, कार्यप्रणालीगत, सामाजिक वा आर्थिक पक्षबाट देखिएका प्रमुख समस्या तथा चुनौतिहरुको उल्लेख यस खण्डमा गर्ने । जस्तै,

५.१ वैकल्पिक ऊर्जाको उत्पादन र विकासमा निजी क्षेत्रको लगानी अपेक्षाकृत नहुनु, वैकल्पिक ऊर्जा उत्पादनको क्षेत्रमा वित्तीय लगानीका लागि नीजी तथा बैंकिङ्ग क्षेत्रको आकर्षण कम हुनु,

५.२ सहुलियतऋण, जोखिम व्यवस्थापन र बीमा सम्बन्धी आवश्यक व्यवस्था नहुनु,

५.३ स्थानीय तहमा ऊर्जा क्षेत्रकोप्रविधि तथा प्रयोग सम्बन्धमा क्षमताको कमी हुनु,

५.४ घरायसी आधारभूत आवश्यकता परिपूर्तिमा मात्र वैकल्पिक ऊर्जाको प्रयोग हुनु तथा वैकल्पिक ऊर्जाको प्रयोग उद्योगजन्य बिषयमा कममात्र हुनु,

५.५ लगभग ... प्रतिशत घरपरिवार खाना पकाउने प्रयोजनका लागि परम्परागत ऊर्जाका साधनमा निर्भर हुनु,आदि ।

## ६. ऊर्जा नीतिको आवश्यकता:

देहायका कारणले यस ऊर्जा नीतिको आवश्यकता परेको छ,

६.१ संविधान बमोजिम वैकल्पिक ऊर्जा विकासका लागि स्थानीय तहमा कानुनी, संरचनागत र प्रक्रियागत व्यवस्थालाई सुदृढीकरण गरी वैकल्पिक ऊर्जाको विकास तथा प्रबर्द्धन गर्न,

६.२ नवीकरणीय ऊर्जा क्षेत्रको विकास तथा व्यवस्थापनसँग सम्बन्धित राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न,

६.२ वैकल्पिक ऊर्जा प्रविधिको विकास तथा प्रवर्द्धमा तहगत सरकारबीच नीतिगत तथा कार्यक्रम तहमा सहकार्य तथा समन्वयात्मक कार्यप्रणालीको अभिबृद्धि गर्न,

## ७.ऊर्जा नीतिले समेट्ने क्षेत्रहरु:

गाउँपालिका तथा नगरपालिकाको वैकल्पिक ऊर्जा क्षेत्रमा प्रदत्त संवैधानिक अधिकारक्षेत्रको सीमाभित्र रही यस ऊर्जा नीतिकोको खण्ड १८ मा उल्लेख भएबमोजिमका अन-ग्रिड (On-grid) र अफ-ग्रिड ( Off-grid) प्रविधिहरु जस्तै लघु तथा साना जलविद्युत्, जैविक ग्यास (Biogas), दाउरा, गोल, ब्रिकेट, जैविक इन्धन, प्यालेट, वायोमास ग्यासिफिकेशन, सौर्य ऊर्जा, वायु ऊर्जा , सुधारिएको चुलो प्रविधि, सुधारिएको पानी घट्ट प्रविधि र ग्रामीण विद्युतीकरण समेतका क्षेत्रहरु समेटी यो नीति तयार गरिएको छ ।

स्वामीकार्तिक खापर गाउँपालिका, सूर्जुउला वार्ड, बाजुरा

माथि उल्लेखित प्रविधिहरुमा बाहेक यस नीतिमा समावेश गरिएको राष्ट्रिय प्रसारण लाइनको विस्तार र सोको घनत्व वृद्धि समेत संलग्न गरिएको छ ।

**८. दीर्घकालीन सोच (Vision) :**

ऊर्जामा अत्मनिर्भर हुनको लागि स्वच्छ, भरपर्दो, सस्तो, उपयुक्त र सर्वसुलभ नवीकरणीय ऊर्जाको स्रोतमा नागरिकको पहुँच बृद्धि गरी ऊर्जा उपभोग, ऊर्जा उत्पादन र ऊर्जा दक्षताको प्रबर्द्धन गर्नु यस नीतिको दीर्घकालीन सोँच रहेको छ ।

**९.लक्ष्य(Goal) :**

नवीकरणीय ऊर्जाको उत्पादन, विकास र प्रवर्द्धन तथा नवीकरणीय ऊर्जाका स्रोतको संरक्षणमा लक्षित समुदाय तथा निजी क्षेत्रलाई समेत सहभागी बनाई नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि गुणस्तरीय, सुपथ, सुलभ र भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्नुका साथै नवीकरणीय ऊर्जाको समुचित प्रयोगमार्फत् सम्बन्धित क्षेत्रका नागरिकको जीवनस्तर उकास्ने र समातामूलक आर्थिक बृद्धि हासिल गर्ने तथा वातावरणीय संरक्षणमा टेवा पुर्‍याउने यस नीतिको लक्ष्यहुनेछ ।

**१०. उद्देश्यहरु (Objectives) :**

निर्धारित लक्ष्य हासिल गर्नका लागि यस नीतिका देहायबमोजिम उद्देश्यहरु हुनेछन्,-

१०.१ नवीकरणीय ऊर्जा क्षेत्रको योजनाबद्ध विकास, संस्थागत संरचना, कार्यविधिहरुको निर्माण र संस्थागत क्षमताको विकास गर्ने,

१०.२ नवीकरणीय ऊर्जाको उत्पादन, विकास र आपूर्ति गरी स्थानीय माग र आवश्यकता परिपूर्ति गर्ने,

१०.३ गुणस्तरीय, सुपथ, सुलभ र भरपर्दो नवीकरणीय ऊर्जाको प्रयोगमा नागरिकको पहुँच सुनिश्चित गर्ने,

१०.४ नवीकरणीय ऊर्जासम्बन्धी प्राविधिक अध्ययन, अनुसन्धान, नवीन प्रयोग र प्रबर्द्धनात्मक कार्यहरु गरी प्रचुर मात्रामा जनताको आवश्यकता परिपूर्ति गर्ने।

## ११. नीति तथा रणनीतिहरु

उल्लिखितउद्देश्यहरु हासिल गर्न देहायका नीति तथा रणनीति लिइनेछ,

### ११.१ नीतिः नवीकरणीय ऊर्जा क्षेत्रको योजनाबद्ध विकासको लागि समावेशी सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयन र निर्णय पद्धतिको संस्थागत विकास गर्नेः

**रणनीतिः**

११.१.१ पालिकास्तरमा नवीकरणीय ऊर्जाको विकास र प्रबर्द्धन गर्नको लागि उचित र आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११.१.२ नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विकासमा निजी क्षेत्र तथा समुदायको सहभागितामा परियोजना कार्यान्वयन गर्न आवश्यक कार्यविधि, प्रक्रिया, मापदण्ड (स्ट्यानडर्ड), निर्देशिका (मेनुयल), स्पेसिफिकेसन आदि प्रदेश वा सङ्घीय सरकारसँगको समन्वयमा बनाई क्रमशः लागू गरिनेछ ।

११.१.३ नवीकरणीय ऊर्जासम्बन्धी नीति निर्माण तथा योजनाहरु बनाउँदा सङ्घीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी बनाइनेछ ।

११.१.४ नवीकरणीय ऊर्जा सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा प्रतिबद्धताहरु सङ्घीय सरकारसँगको समन्वयमा स्थानीयकरण गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

११.१.५ नवीकरणीय ऊर्जाको स्थानीयस्तरमा गरिने विकासको लागि आवश्यक योजना ( गुरुयोजना, रणनीतिक योजना, आवधिक योजना, पञ्चवर्षीय योजना, वार्षिक योजना) बनाई लागू गरिनेछ ।

११.१.६ परियोजनाको व्यवस्थापन, स्रोतको नक्साङ्कन, बेसलाइन तयारी, नवीकरणीय ऊर्जाको प्रबर्द्धन, परियोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनजस्ता कार्यहरुमा पालिकाले नेतृत्वदायी भूमिका निर्बाह गर्नेछ ।

११.१.७ स्थानीय स्तरका सहकारी संस्था, उपभोक्ता समूह, गैरसरकारी संस्था एवं निजी क्षेत्रको संलग्नता र सहभागितालाई अधिकतम रुपमा उपयोग एवं परिचालन गरिनेछ ।

११.१.८ स्थानीयस्तरमा नवीकरणीय ऊर्जाको क्षेत्रमा कार्य गर्ने कर्मचारी, जनप्रतिनिधि, सरोकारवाला तथा उपभोक्ताहरुको समयोचित दक्षता, क्षमता र चेतना अभिवृद्धि गर्दै लगिनेछ ।

११.१.९ सङ्घीय सरकार र प्रदेश सरकारबाट आवश्यकताअनुसार नीतिगत, संस्थागत, आर्थिक, प्राविधिक र क्षमता अभिवृद्धिसम्बन्धी सहयोग प्राप्त गर्न पहल गरिनेछ ।

११.१.१० सामुदायिकस्तरका ऊर्जा योजना सञ्चालन गर्दा समावेशी तथा समतामूलक विकासको लागि सामाजिक परिचालन गर्ने व्यवस्था अवलम्वन गरिनेछ ।

११.१.११ सामुदायिक ग्रामीण विद्युतीकरण संस्था गठन गरी गरीब घरधुरीमा ग्रिड विस्तारीकरण (grid extension) वा ग्रिड सबलीकरण (grid densification) को माध्यमबाट विद्युत् लाइन जडान गर्नुका साथै यसका क्रियाकलापहरुलाई नियमन गरिनेछ ।

११.१.१२ समुचित अवस्था र औचित्य पुष्टि भएमा विद्युत् प्राधिकरण र राष्ट्रिय सामुदायिक विद्युत् उपभोक्ता महासङ्घ नेपालसँग समन्वय गर्ने छ ।

**११.२ नवीकरणीय ऊर्जाको उत्पादन, विकास, प्रसारण लाइन विस्तार र आपूर्ति गरी स्थानीय माग र आवश्यकता परिपूर्ति गर्ने :**

११.२.१ साना (तीन मेगावाटसम्मका) जलविद्युत् र अन्य नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, सौर्य(वायु, जैविक आदि) मा आधारित परियोजनाबाट उत्पादित ऊर्जालाई राष्ट्रिय प्रसारण लाइनमा (ग्रिड) भएको स्थानमा त्यस्तो लाइनमा जोडी उत्पादिन ऊर्जा बिक्री वितरणको लागि सहजीकरण गरिनेछ । त्यसरी लाइन जोडदा नेट मिटरिङ्ग ( Net Metering) प्रविधिलाई अबलम्बन गरिनेछ ।

११.२.२ ग्रामीण, बजार क्षेत्र र शहरी क्षेत्रमा उपलब्ध प्राविधिक, भौगोलिक र आर्थिकरुपमा सम्भाव्य नवीकरणीय ऊर्जाका स्रोत साधनहरुको उत्पादन, विकास र आपूर्तिमा जोड दिइनेछ ।

११.२.३ नवीकरणीय ऊर्जाका स्रोतबाट उत्पादित विद्युत्, ग्याँस ऊर्जा, ठोस ऊर्जा (जस्तै : ब्रिकेट र प्यालेट), जैविक तेलजन्य इन्धन वा अन्य सफा ऊर्जालाई उत्पादनकर्ता वा वितरकबाट उपभोक्तासम्म पुऱ्याउने कार्यमा आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

११.२.४ नवीकरणीय ऊर्जा वा सफा ऊर्जाको उत्पादन, विकास र आपूर्तिमा बृद्धि गर्दै परम्परागत ऊर्जाका स्रोत जस्तैः दाउरा, गुइँठा आदिको खपतलाई निरुत्साहित गरी क्रमशः कम गराउँदै लगिनेछ ।

११.२.५ नवीकरणीय ऊर्जाको परिप्रयोगमा विभिन्न आर्थिक क्षेत्रमा विविधीकरण (Productive End-use Diversification) प्रविधिको दक्षता (Efficiency) र ऊर्जाको माग परिपूर्ति गर्न पारम्परिक, व्यापारिक र नवीकरणीय ऊर्जा मिश्रण (Energy Mix) को अवधारणालाई प्रोत्साहित गरिनेछ

११.२.६ स्थानीयस्तरमा मिनीग्रिड तथा वितरण लाइनको विस्तार गरी ग्रामीण क्षेत्रमा ऊर्जा खपत गर्ने क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

११.२.७ स्थानीय खपतयोग्य परिमाणभन्दा बढी उत्पादित ऊर्जालाई राष्ट्रिय प्रसारण लाइनमार्फत बिक्री वितरण गर्न सम्बन्धित निकायसँग समन्वय गरी ऊर्जा उत्पादकलाई आवश्यक सहयोग प्रदान गरिनेछ ।

११.२.८ नवीकरणीय ऊर्जासँग सम्बद्ध उपकरण उत्पादन गर्ने उद्योग सञ्चालनमा निजी क्षेत्रको संलग्नता बढाउन जोड दिइनेछ ।

११.२.९ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका लिङ्ग, समुदाय तथा वर्गको उद्यमशीलतालाई प्रोत्साहन हुने खालका नवीकरणीय ऊर्जा प्रयोग गर्ने उद्योगलाई प्रोत्साहित गरिनेछ ।

११.२.१० स्थानीयस्तरका नवीकरणीय ऊर्जा प्रयोग गर्ने लघु तथा साना उद्योगलाई प्रोत्साहित गर्न औचित्यको आधारमा आंशिक वा पूरै स्थानीय कर मिनाहा गर्ने, ऋणको ब्याज मिनाहाको लागि पहल गर्ने, प्रसंशापत्र दिनेजस्ता प्रवर्द्धनात्मक कार्य गरिनेछ ।

११.२.११ सम्बन्धित निकायसँग समन्वय गरी सामुदायिक ग्रामीण विद्युतीकरणको अवधारणामा ग्रिडको विकास र विस्तार गरिनेछ ।

११.२.१२ नवीकरणीय ऊर्जाका भौतिक संरचनाको नियमितरूपमा मर्मतसम्भार गर्ने र दिगो रुपमा सञ्चालन गर्न आवश्यक पर्ने संस्थागत संरचना, बजेटको व्यवस्था, जनशक्ति र अन्य स्रोतको व्यवस्था गरिनेछ ।

११.२.१३ विगतमा निर्माण भई विभिन्न कारणले ऊर्जा उत्पादन बन्द भएका वा रूग्ण अवस्थामा रहेका तर पुनः सञ्चालानमा ल्याई लगानीको तुलनामा बढी लाभ लिन सकिने आर्थिक तथा प्राविधिक रुपले सम्भाव्य रहेका नवीकरणीय ऊर्जाका योजनाहरुलाई पुनःनिर्माण वा मर्मत सम्भार र व्यवस्थापकीय प्रबन्ध गरी सञ्चालनमा ल्याइनेछ ।

११.२.१४ पालिकाको अनुमति लिएर बिना व्यावसायिक रुपमा नवीकरणीय ऊर्जाको उत्पादन र बिक्री वितरण गर्ने कुरालाई प्रोत्साहन गरिनेछ ।

**११.३ गुणस्तरीय, सुपथ, सुलभ र भरपर्दो नवीकरणीय ऊर्जाको प्रयोगमा नागरिकको पहुँच सुनिश्चित गर्ने :**

११.३.१ आर्थिक, सामाजिक रुपमा पछाडि परेका, सीमान्तकृत, लोपोन्मुख साथै कठिन भौगोलिक अवस्थिति भएको वडा, टोल वा वस्तीमा बसोबास गर्ने समुदायको लागि नवीकरणीय ऊर्जामा पहुँच बढाई उनीहरुको जीवनस्तर उकास्न जोड दिइनेछ ।

११.३.२ नवीकरणीय ऊर्जा क्षेत्रमा लैंगिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन भएको सुनिश्चितता गरिनेछ ।

(क) विशेषगरी महिला तथा पछाडि परेका समूहलाई नवीकरणीय ऊर्जाको विकास र प्रबर्द्धनसम्बन्धी निर्णय प्रक्रियामा जनसङ्ख्याको अनुपातको आधारमासहभागी गराइनेछ ।

(ख) नवीकरणीय ऊर्जाबाट प्राप्त लाभको वितरणमा जनसङ्ख्याको अनुपातमा महिला तथा पछाडि परेका समूहरु लाभान्वित हुने अंशलाई सुनिश्चित गरिनेछ ।

(ग) महिला तथा पछाडि परेका समूहरुको जीवनस्तर उकास्न नवीकरणीय ऊर्जा क्षेत्रलाई स्थानीय आर्थिक गतिविधिसँग आबद्ध गरिनेछ ।

११.३.३ नवीकरणीय ऊर्जामा आधारित आर्थिक क्रियाकलाप एवं उद्योग व्यवसायहरुलाई प्रोत्साहित गरिनेछ ।

११.३.४ नवीकरणीय ऊर्जाको विकास गर्दा रोजगारी सिर्जना गर्ने एवं उत्पादकत्वमा बृद्धि गर्ने खालका परियोजनालाई प्राथमिकता दिइनेछ ।

११.३.५ नवीकरणीय ऊर्जा प्रविधिको गुणस्तर सुनिश्चित गर्न र नियमन गर्न स्थानीय स्तरमा नै गुणस्तर नियमन एवं मापन प्रणालीको विकास गरी त्यसलाई संस्थागत गर्न पहल गरिनेछ । स्थानीय प्रणाली क्रियाशील नभएसम्म प्रदेश वा सङ्घीय सरकारसँग समन्वय गरी नियमन र मापनको उपयुक्त व्यवस्था मिलाइनेछ ।

११.३.६ नवीकरणीय ऊर्जा प्रविधिको विकास र विस्तार गर्ने कार्यमा सार्वजनिक-निजी साझेदारी, निजी, सहकारीका साथै सामुदायिक व्यवस्थापनलाई प्रोत्साहित गर्दै यसको दिगोपनामा जोड दिइनेछ ।

११.३.७ स्थानीयस्तरमा नवीकरणीय ऊर्जा प्रविधिसम्बन्धी प्राविधिक सेवा र वस्तुको सहज उपलब्धताको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

११.३.८ सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, समावेशी र जवाफदेही बनाउन नवीकरणीय ऊर्जासम्बन्धी सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, लैंगिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी परीक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११.३.९ नवीकरणीय ऊर्जाका प्रणालीको विकासका साथै जडान तथा व्यवस्थापन कार्यमा सहयोग गर्न पालिकाको बजेटलाई प्राविधिक सेवाको क्षेत्रमा (सेवा करार वा अनुदान) वा प्रत्यक्ष रुपमा लगानी गरिनेछ ।

## ११.४ नवीकरणीय ऊर्जासम्बन्धी प्राविधिक अध्ययन, अनुसन्धान, नवीन प्रयोग र प्रवर्द्धनात्मक कार्यहरु गरी प्रचूर मात्रामा जनताको आवश्यकता परिपूर्ति भएको सुनिश्चित गर्ने ।

११.४.१ परम्परागत ऊर्जामाथिको निर्भरता कम गर्न, ऊर्जा उपयोगको दक्षतामा अभिवृद्धि गर्न, नयाँ प्रविधिको विकास गर्न, नवीकरणीय ऊर्जाको उत्पादन लागत कम गर्न र भौगोलिक उपयुक्तता निश्चित गर्ने सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरिनेछ । त्यस्ता कार्यहरु पालिका आफैंले गर्ने वा सङ्घीय सरकार वा प्रदेश सरकार तथा अन्य स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरी गरिनेछ ।

११.४.२ नवीकरणीय ऊर्जाको विकासमा नयाँ प्रविधिको विकास र विस्तारको लागि निजी क्षेत्र एवं गैरसरकारी सङ्घसंस्थालाई संलग्न गराइनेछ ।

११.४.३ नवीकरणीय ऊर्जासँग सम्बन्धित पूर्वाधार निर्माण गर्नुपूर्व राष्ट्रिय नीतिअनुसार अनिवार्य रुपमा प्रारंभिक वातावरणीय परीक्षण (Initial Enviromental Examination), वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) गर्ने व्यवस्था गरिनेछ र वातावरणीय र सामाजिक सुरक्षणका (Environmental and Social Safeguard) विधिहरु समेत अवलम्बन गरिनेछ ।

११.४.४ जैविक इन्धन, जैविक तापीय प्रणाली, विद्युतीय सवारी साधन तथा विद्युतीय चुलो आदिको अध्ययन, अनुसन्धान, विकास तथा विस्तारमा जोड दिइनेछ ।

११.४.५ नवीकरणीय ऊर्जाका परियोजनाहरुलाई Carbon Trading Mechanism (CTM) अन्तर्गत लगी कार्वनडाइअक्साइड तथा अन्य हरितगृह ग्यासको उत्सर्जन कम गरेवापत त्यसबाट बचत भएको कार्बन बिक्रीबाट प्राप्त हुने रकमलाई नवीकरणीय ऊर्जाको प्रबर्द्धन तथा विकासमा प्रयोग गरिनेछ ।

स्वामीकार्तिक खापर गाउँपालिका

११.४.६ नवीकरणीय ऊर्जा मूलतः ग्रामीण महिलासँग प्रत्यक्ष सरोकार राख्ने हुँदा ग्रामीण ऊर्जाका प्रविधिहरुलाई बढी महिलामैत्री बनाउन आवश्यक अध्ययन अनुसन्धान गरिनेछ । नवीकरणीय ऊर्जाको क्षेत्रलाई महिला सशक्तीकरणको अभिन्न अङ्गको रुपमा विकास गर्ने वातावरण बनाइनेछ ।

११.४.७ नवीकरणीय ऊर्जाबाट यस क्षेत्रको दिगो विकास, गरिबी निवारण, महिला तथा बालबालिकामा पर्ने सकारात्मक र नकारात्मक प्रभावहरुको मूल्याङ्कन, प्रचारप्रसार, प्रदर्शनीका साथै समयसापेक्ष अन्य प्रबर्द्धनात्मक कार्यहरु गरिनेछ ।

११.४.८ 'एक घर एक ऊर्जा' अभियान सञ्चालन गरिनेछ ।

## १२. संस्थागत संरचना

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको संस्थागत संरचनाको विकास तथा सुदृढीकरण गरिनेछ,

१२.१ पूर्वाधार विकास समिति अन्तर्गत ऊर्जा विकास उपसमितिको गठन गर्नेः पालिकामा नवीकरणीय ऊर्जाको विकास तथा प्रवर्द्धनका लागि, ऊर्जा सम्बन्धी नीगतगत, कानुनको कार्यान्वयनको सुनिश्चितता गर्न तथा नीति तथा कानूनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक योजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रणालीलाई नेतृत्वदायी भूमिका निर्वाह गर्न पालिकाको सदस्यको संयोजकत्वमा ऊर्जा शाखाका प्रमुख र अन्य सरोकारवालाहरु समेतको सहभागितामा पालिकाको पूर्बाधार विकास समिति अन्तर्गत एक ऊर्जा विकास उपसमिति गठन गरिनेछ ।

१२.२ पूर्वाधार विकास शाखा/महाशाखा अन्तर्गत ऊर्जा एकाईको स्थापना र सुदृढीकरण गर्ने : पालिकाको पूर्वाधार विकास शाखा/महाशाखा अन्तर्गत ऊर्जा (जल विद्युत्, सौर्य, बायोमास, वायु आदि) तथा नवीकरणीय ऊर्जाको उत्पादनमूलक प्रयोग (एभ्र) एकाईको स्थापना गरी वा भइरहेको सम्बन्धित शाखा वा इकाइमार्फत सम्पूर्ण नवीकरणीय ऊर्जा क्षेत्रको विकास र प्रबर्द्धनलाई संस्थागत गरिनेछ । साथै नवीकरणीय ऊर्जा सम्बन्धी स्पष्ट कार्यविवरण बनाई लागू गरिनेछ ।

१२.३ साना र मझौला खालका नवीकरणीय ऊर्जा परियोजनाहरुको प्राविधिक मूल्याङ्कन एवं पुनरावलोकन कार्य गर्नका लागि प्राविधिक कार्य समूह र समिति (Technical Team/Committee) गठन गरिनेछ ।

१२.४ नवीकरणीय ऊर्जा विकास कार्यक्रममा अन्तर सरकारी तहको सम्पर्क, सूचना, समन्वय र सहकार्य प्रणालीको विकास गर्न ठोस् कार्य विवरण बनाई लागू गरिनेछ ।

१२.५ पालिकाको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्दा वा अद्यावधिक गर्दा नवीकरणीय ऊर्जा विकाससँग सम्बन्धित संगठन संरचना, जनशक्ति र कार्यविवरण प्रष्ट उल्लेख गरी रखिनेछ ।

## १३. अनुदानसम्बन्धी व्यवस्थाः

पालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र नवीकरणीय ऊर्जाको उत्पादन र विकासका लागि अनुदान, प्राविधिक सहयोग तथा प्रवर्द्धनात्मक कार्यहरु गर्नेछ र विशेषगरी अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउँदा देहायको नीति अख्तियार गर्नेछ :

### १३.१. सामान्य सिद्धान्त :

१३.१.१. नवीकरणीय ऊर्जामा रहेको अनुदानमाथिको उच्च निर्भरतालाई कमश कम गर्दै प्रविधिहरुको विकास तथा विस्तारमा वित्तीय संस्थामार्फत सुलभ कर्जा प्रवाह गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

१३.१.२. अनुदानको लागि ऊर्जा प्रतिफलको आधारमा सबैभन्दा कम लागत भएका नवीकरणीय ऊर्जा प्रविधिलाई उच्च प्राथमिकता दिइनेछ ।

१३.१.३. साना तथा लघु जलविद्युत् परियोजनाको सामाजिक, वित्तीय तथा भौतिक रुपमा सम्भावना रहेको ठाउँमा सौर्य ऊर्जामा दिइने अनुदानलाई निरुत्साहित गरिनेछ ।

१३.१.४. लघु तथा साना जलविद्युत् परियोजनाहरुबाट उत्पादित विद्युत्लाई विशेषगरी पर्यटन, खनिज पदार्थको अन्वेषण, मार्बल कटाई, ढुङ्गा कटाई, सिमेन्ट उत्पादन, सिँचाइ, पम्पिङ तथा कृषि उत्पादनको प्रशोधन तथा उत्पादनमूलक उद्योगहरुलाई उपलब्ध

स्वामीकार्तिक खापर गाउँपालिका बाजुरा

गराई खनिज ऊर्जालाई प्रतिस्थापन गर्ने प्रयोजनका लागि उत्पादन उपकरण अनुदान उपलब्ध गराइनेछ ।

१३.१.५. निजी क्षेत्रको लगानीमा स्थानीयस्तरमा निर्माण गरी सञ्चालन गरिने ठूला व्यावसायिक नवीकरणीय ऊर्जाका परियोजनाको हकमा पालिकाले भौतिक पूर्वाधार (विद्युत्, पानी, सञ्चार, सडक), उत्पादित ऊर्जा बिक्री वितरणका साथै जग्गा प्राप्तिमा सहजीकरण गरी दिनेछ ।

१३.१.६ नवीकरणीय ऊर्जाको उत्पादनसँग सम्बन्धित बिषयमा व्यावसायिक रुपमा उत्पादित नवीकरणीय ऊर्जाका परियोजनाहरुलाई सहुलियत दरमा सेवा शुल्क लगाउन सकिनेछ ।

१३.१.७. आयोजना सञ्चालन गर्दा आयोजनाको कुल लागतमध्ये उपभोक्ताको तर्फबाट कम्तिमा २०% बराबरको योगदान सुनिश्चित गरिनेछ र बाँकी योगदान सरकारी स्रोतमार्फत

## १३.२. सङ्घीय वा प्रादेशिक स्रोत परिचालन :

१३.२.१. सङ्घीय सरकार तथा प्रदेश सरकारबाट नवीकरणीय ऊर्जा प्रबर्धन वा विकासको लागि प्राप्त हुने अनुदान रकम सोही प्रयोजनको लागि खर्च गरिनेछ ।

१३.२.२. सङ्घीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह वा यस ... पालिका सम्मिलित बहुसरकारी स्रोत परिचालनको ढाँचामा कार्यान्वयन हुने आयोजनाको हकमा अनुदान रकम, कार्यान्वयनको प्रक्रिया र स्रोत परिचालनको विधि र संयन्त्र बनाई आयोजना निर्माण गरिनेछ ।

१३.२.३. आयोजना सञ्चालन गर्दा संयोजन गर्ने संयन्त्र, आर्थिक योगदानको ढाँचा (Funding Modality), निकायगत जिम्मेवारी, कार्यक्रम व्यवस्थापन, अनुगमन तथा रिपोटिङसहितका विषयबस्तु समेटीएको बहुपक्षीय सम्झौताको आधारमा गरिनेछ ।

१३.४.४. ग्रिड विस्तारीकरण वा ग्रिड सबलीकरण योजनाहरुमा पालिकाले आर्थिक र प्राविधिक सहयोग गर्नेछ साथै लगानी नीतिको अधिनमा रही लगानी गर्नेछ ।

## १३.३ आन्तरिक स्रोत परिचालन :

१३.३.१. आयोजना सञ्चालन गर्दा पालिकाले यस नीतिअन्तर्गतको *अनुसूची १* बमोजिम चालु आवको लागि स्वीकृत भएको आर्थिक अनुदान रकम प्रदान गर्नेछ । साथै सो दरभन्दा बढी नहुनेगरी र स्रोतको दोहोरोपना नहुने गरी वाह्य स्रोत परिचालन गरिनेछ ।

१३.३.२. यस नीतिको खण्ड ९.१ मा उल्लेख भएबमोजिमका सम्भाव्य वित्तीय स्रोतहरुलाई उपयुक्त विधि बनाएर परिचालन गरिनेछ ।

१३.३.३. सङ्घीयसरकार वा प्रादेशिक सरकारबाट नवीनतम् (Innovative) वित्तीय लगानी( Funding) वा अनुदान (Subsidy) को अवधारणामा सहभागी हुन आह्वान गरेमा ...पालिकाले आफ्नो स्रोतबाट निश्चित योगदान सहित सहभागी हुन सक्नेछ ।

१३.३.४ पालिका आफैं निर्माणकर्ता (Developer) हुने वा सार्वजनिक-निजी साझेदारी (पिपिए) को अवधारणामा सञ्चालन हुने नवीकरणीय ऊर्जा परियोजनाहरुमा कुल सरकारी अनुदान वा लगानी बढीमा ८०% सम्म हुन सक्नेछ र बाँकी लगानी निजी क्षेत्र वा नागरिकको सेयरमार्फत गरिनेछ ।

१३.४ गरिबीको परिचयपत्र बाहक वा आर्थिक, सामाजिक रुपमा पछाडि परेका परिवारहरु वा समुदायलाई ग्रामीण ऊर्जा प्रणालीको उपयोगको लागि सम्बन्धित वडाको सिफारिसमा थप सुविधा प्रदान गर्न सकिनेछ ।

१३.५ निर्माण कार्य सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत् परियोजनाहरूको अध्ययन गरी आवस्यक र औचित्यपूर्ण ठहरिएमा थप अनुदान दिन सकिनेछ ।

## १४. स्रोत, साधन परिचालनसम्बन्धी व्यवस्था :

नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास तथा आयोजना र परियोजना कार्यान्वयन गर्ने प्रयोजनको लागि आर्थिक स्रोत तथा जनशक्ति परिचालन गर्दा देहायबमोजिम गरिनेछ :

## १४.१ आर्थिक स्रोत :

१४.१.१ देहायको स्रोतबाट प्राप्त रकम नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र आयोजना र परियोजनाको सञ्चालन, दिगो व्यवस्थापन तथा मर्मत सम्भार लगायतको सम्बन्धित

कार्यगर्न स्थानीय सञ्चित कोष अन्तर्गत रहने गरी एक नवीकरणीय ऊर्जा कोष स्थापना गरिनेछ ।

१४.१.२ माथि बुँदा बमोजिमको नवीकरणीय ऊर्जा विकास कोषमा देहायका रकम जम्मा गरिनेछः

(क) नवीकरणीय ऊर्जा विकासका परियोजनालाई सङ्घीय सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) पालिकाको अन्तरिक आय मध्ये नवीकरणीय ऊर्जाको लागि छुट्याइएको रकम,

(ग) ऊर्जा क्षेत्रबाट उठेको कर तथा जरिवाना,

(घ) ऊर्जा क्षेत्रको रोयल्टीबापत प्राप्त रकम,

(ङ) नवीकरणीय ऊर्जा प्रयोजनको लागि लिइएको ऋण,

(च) उपभोक्ताहरुबाट स्कलित समपुरक फन्ड,

(छ) कार्बन ट्रेडिङबाट प्राप्त रकम,

(ज) विदेशी सरकार, अन्तर्राष्ट्रिय सघ संस्थासँग सम्झौता गरी प्राप्त रकम । तर यस्तो रकम प्राप्त गर्नुअघि सङ्घीय सरकारको अर्थ मन्त्रालयको स्वीकृती लिइनेछ ।

(झ) केन्द्रीय नवीकरणीय ऊर्जा कोष तथा प्रदेशको ऊर्जा सम्बन्धी कोषबाट प्राप्त रकम,

(ञ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

१४.१.३ वित्तीय संस्थाहरुलाई नवीकरणीय ऊर्जाको विकास तथा विस्तार गर्न सहुलियतपूर्ण ऋण लागानी गर्न प्रोत्साहन गरिनेछ ।

१४.१.४ नवीकरणीय ऊर्जाको विकासमा बैंक तथा वित्तीय संस्थाहरुको ऋण, समुदायमा रहेको पूँजी परिचालन गर्न वित्तीय उपकरणहरु (Financial Instruments) को उपयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१४.१.५ समानीकरण अनुदान र आन्तरिक स्रोतको उचित अंश नवीकरणीय ऊर्जा क्षेत्रको विकास र प्रबर्द्धनमा परिचालन गरिनेछ ।

१४.१.६ स्थानीय पूँजीलाई अधिकतम रुपमा परिचालन गरी वैदेशिक रोजगारबाट आर्जित पूंजीलाई नवीकरणीय ऊर्जाका आयोजनाहरुमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**१४.२ जनशक्ति :**

१४.२.१ पूर्वाधार विकाससँग सम्बन्धित शाखा वा इकाइमार्फत प्रशासनिक र प्राविधिक कार्यका साथै नीति निर्माण, कानुन निर्माण, योजना तर्जुमा, योजना कार्यान्वयन, प्राविधिक मापदण्ड र स्पेसिफिकेसनको तयारी, नियमन कार्य, तथ्याङ्क संकलन, रिपोरटिङ्ग, अनुगमन तथा मूल्यांकन सम्पूर्ण कार्य सञ्चालन गर्न स्थानीय तहको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणका आधारमा आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

१४.२.२ नवीकरणीय ऊर्जा सम्बन्धी प्राबिधिक सीपयुक्त र विशेष कार्य सम्पादन गर्नका लागि आवश्यकताअनुसार सम्बन्धित विषयको विज्ञको सेवा करारमा लिन सकिने व्यवस्था गरिनेछ ।

१४.२.३ प्राविधिक मूल्याङ्कन एवं पुनरावलोकन गर्नका लागि साना तथा मझौला योजनाको हकमा स्थानीय प्राविधिक कार्य समूह र समिति (Technical Team/Committee) परिचालन गरिनेछ र ठूला आयोजनाको हकमा प्रदेश सरकार वा नेपाल सरकाको सम्बन्धित प्राविधिक मूल्याङ्कन प्रणालीमार्फत गरिनेछ ।

१४.२.४ नवीकरणीय ऊर्जाका उपभोक्ताहरु तथा पालिकाका सम्बन्धित कर्मचारीलाई प्रणाली सञ्चालन, मर्मत सम्भार एवं व्यवस्थापनसम्बन्धी तालिम प्रदान गर्ने तथा सीप अभिवृद्धिको व्यवस्था मिलाइनेछ ।

**१५. समन्वय र सहकार्य :**

१५.१ नीति, कानून, कार्यविधि, आर्थिक लगानी, प्राविधिक पक्ष, दिगो विकास लक्ष्य( Sustainable Development Goal) का साथै क्षमता विकासका कार्यहरु गर्दा सङ्घीय

सरकार र प्रदेश सरकार, ऊर्जा क्षेत्रसँग सम्बन्धित निजी क्षेत्र तथा सरोकारवाला सङ्घसंस्थाहरुसँग समन्वय गरिनेछ र आवश्यक सहयोग लिने दिने गरिनेछ ।

१५.२ सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारहरुसँगको साझेदारीमा सम्भाव्य स्थानमा नवीकरणीय ऊर्जाका विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

१५.३ सङ्घीय सरकार वा प्रदेश सरकार वा दुवैको संयुक्त आर्थिक सहयोगमा निर्माण हुने नवीकरणीय ऊर्जाका आयोजनाहरुको प्राविधिक पुनरावलोकन एवं मूल्याङ्कन आपसीसहयोग र समन्वयमा गरिनेछ ।

१५.४ स्थानीयस्तरमा सञ्चालन हुने महिला विकास, सिँचाइ, खानेपानी, सहकारी, स्वास्थ्य, वन, उद्योग, वातावरणीय संरक्षण, सडक, लघुकर्जा सम्बन्धी साक्षरता अभियान कार्यक्रमहरु सञ्चालन गर्दा नवीकरणीय ऊर्जा विकासका अवयवहरु समावेश गरी कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहायता उपलब्ध गराइनेछ ।

## **१६. कानुनी व्यवस्था**

यस नीतिको कार्यान्वयनको लागि नेपालको संविधान, प्रचलित नेपाल कानून र प्रदेश कानूनको अधीनमा रही आवश्यकता अनुसार वैकल्पिक ऊर्जा सम्बन्धी पालिकाको ऐन, नियम, कार्यविधिहरु निर्माण गरिनेछ ।

## **१७. अनुगमन तथा मूल्याङ्कन :**

१७.१ पालिकाको अनुगमन समितिको नेतृत्वमा समग्र नवीकरणीय ऊर्जा क्षेत्रको अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

१७.२ जलविद्युत्, ऊर्जा र सडक बत्ती तथा सिँचाइ शाखा वा इकाइमार्फत योजनाहरुको नियमित स्वःअनुगमन, गुणस्तर नियन्त्रण, प्राविधिक परीक्षण, सम्पन्नताको प्रमाणीकरण साथै प्रगति प्रतिवेदन तयार गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

१७.३ योजना कार्यान्वयन हुने क्षेत्रका सम्बन्धित वडा अध्यक्षमार्फत संलग्न उपभोक्ता समितिका कार्यहरुको स्थलगत अनुगमन, नियमन तथा आवधिक प्रगति समिक्षा गरिने छ ।

१७.४ नवीकरणीय ऊर्जासम्बन्धी दुरगामी र आवधिक योजनाहरुलाई परिणाममुखी बनाउन नतिजामूलक सूचकहरुको आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने, रिपोटिङ्ग गर्ने, पृष्ठपोषण गर्ने र प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई स्थापित गरिनेछ ।

१७.५ गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्थालगायतका सामाजिक तथा सामुदायिक सङ्घसंस्थाले स्थानीय तहसँगको समन्वयमा काम गर्दा यस पालिकाले तोकेको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई अवलम्बन गर्नु पर्नेछ ।

१७.६ पालिकाको अभिलेख केन्द्रअन्तर्गत भौगोलिक र व्यवस्थापकीय सूचना प्रणालीको विकास, प्रोफाइल तयारी एवं नवीकरणीय ऊर्जासम्बन्धी तथ्याङ्क अद्यावधिक गरी यस क्षेत्रको समष्टिगत सूचना प्रणालीलाई सुदृढ र व्यवस्थित गरिनेछ ।

१७.७ लैंगिक, आर्थिक, र सामाजिक रुपमा खण्डिकृत तथ्याङ्क राख्ने, योजना तर्जुमा गर्नुपूर्व लैंगिक दृष्टिकोणबाट अवस्था विश्लेषण गरी कमजोर देखिएका वर्ग र क्षेत्रको पहुँचमा बढोत्तरी गर्न विशेष पहल गरिनेछ ।

१७.८ अनुगमन समितिको बैठकद्वारा यस कार्यविधिले निर्दिष्ट गरेबमोजिमको नवीकरणीय ऊर्जासम्बन्धी दण्ड, जरिवानाको परिमाण तोक्नेछ र यसको आधारमा अशुलउपरको प्रक्रिया अगाडि बढाइनेछ ।

१७.९ सम्झौताबमोजिम बिक्रीपश्चातका सेवा नदिने जडानकर्ता र आपूर्तिकर्ता कम्पनीलाई कालो सूचीमा राखिने साथै आयोजना सम्पन्न नगरी बीचैमा छाड्ने कम्पनीलाई कानूनबमोजिम कारवाही गरिनेछ ।

१७.१० स्थलगत अनुगमन र प्रमाणीकरण कार्य गर्दा अनुगमनको लागत कम गर्न सम्भव भएसम्म एकीकृत विधिबाट गरिनेछ ।

१७.११ राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा नवीकरणीय ऊर्जासम्बन्धी ज्ञान, अनुभव र सिकाइको आदान-प्रदानका साथै उपलब्ध ज्ञानको व्यवस्थापन र प्रयोग गरिनेछ ।

१७.१२ नवीकरणीय ऊर्जाको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्ति, फर्म, समुदाय वा संस्थालाई उपयुक्त अवसरहरुमा पुरस्कृत गरिनेछ ।

## १८. प्रविधिगत कार्यनीति :

### १८.१ लघु तथा साना जलविद्युत् :

१८.१.१ स्थानीय ऊर्जा विकाससम्बन्धी निर्देशिका २०७४ बमोजिम १,००० किवासम्म क्षमताका आयोजनाहरुको विद्युत् उत्पादन र प्रसारण र वितरण गर्ने प्रयोजनका लागि सर्वेक्षणको अनुमति तथा उत्पादन र प्रसारण र वितरण अनुमतिपत्र दिइनेछ ।

१८.१.२ ग्रामीण क्षेत्रमा १००० किलोवाट (पध) सम्म विद्युत् उत्पादन गरी वितरण गर्ने संस्था, स्थानीय समूह तथा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ ।

१८.१.३ स्थानीय उपभोक्ता समूह तथा सहकारी संस्थाले सार्वजनिक स्वामित्वमा रहेका साना जल विद्युत आयोजना लिजमा लिई सञ्चालन, मर्मतसम्भार वा खरीद गर्न चाहेमा सहुलियतपूर्ण ऋण वा किस्ताबन्दीमा लिन दिन सक्ने व्यवस्था मिलाइनेछ ।

१८.१.४ स्थानीयस्तरमा रहेको सीप र श्रमलाई लघु जलविद्युत् आयोजनाको निर्माणमा उपयोग गर्न प्रोत्साहन गर्ने ।

१८.१.५ लघु तथा साना जलविद्युत् आयोजनाहरुले सेवा पुऱ्याई आएको ठाउँमा ग्रिड पुगेको अवस्थामा यी आयोजनासँग विद्युत् खरीद सम्झौता गरी विद्युत् खरीद बिक्री हुने व्यवस्था मिलाइनेछ ।

१८.१.६ ग्रिडमा सहज पहुँच भएको, विद्युत् बिक्री गरी लागतको तुलनामा अत्यधिक लाभ लिन सकिने खालको र आर्थिक प्राविधिक र सामाजिक रुपले सम्भाव्य भएका साना तथा लघु जल विद्युत् योजनामा ... पालिकाले आवश्यक स्रोत जुटाई व्यावसायिकरुपमा विद्युत् उत्पादन गर्ने व्यवस्था मिलाउनेछ ।

१८.१.७ पानीको स्रोत दुई स्थानीय तहको सिमानामा पर्ने भएमा आपसी सहमति र प्रदेश सरकारको संयोजकत्वमा योजना निर्माण तथा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

१८.१.८ सामुदायिक वा सहकारी व्यवस्थापनमार्फत सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत् आयोजनाहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्न र सञ्चालनमा नरहेका तर सानो सहयोमा पुनः सञ्चालनमा ल्याउन सकिने योजनाहरुको पुनरुत्थान गर्न आवश्यक आर्थिक प्राविधिक सहायोग गरिनेछ ।

## १८.२ जैविक ग्यास (Biogas)

१८.२.१ सामुदायिक, व्यावसायिक एवं संस्थागत क्षेत्रमा जैविक ग्यासको अनुसन्धान, परीक्षण, विकास र विस्तारमा जोड दिइनेछ ।

१८.२.२ जनचेतना अभिवृद्धिका लागि जैविक ग्याससम्बन्धी प्रदर्शनी एवं सूचना केन्द्रहरुको स्थापना गर्न प्रेरित गरिनेछ ।

१८.२.३ घरायसी इन्धनको प्रयोजनको रुपमा गोबर गुइँठा बाल्ने प्रवृत्तिलाई उचित विकल्पसहित निरुत्साहित गरिनेछ ।

१८.२.४ जैविक ग्यास उत्पादन गर्ने संयन्त्रमा मानव शौचालय जोडेर सञ्चालन गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ ।

१८.२.५ जैविक फोहोरबाट ऊर्जा उत्पादन (ध्वकतभ तय भ्लभचनथ) र फोहोरको पुनःप्रयोगको अवधारणालाई अबलम्बन गरिनेछ ।

१८.२.६ ग्यास प्लान्टबाट उत्पादित स्लरी (क्गिचचथ) लाई कृषि मलको रुपमा प्रयोग गरी व्यवस्थित गर्ने ।

## १८.३ दाउरा, गोल, ब्रिकेट, जैविक इन्धन, प्यालेट, वायोमास ग्यासिफिकेशन

१८.३.१ गोल (चारकोल) को उत्पादन, वितरण तथा उपयोगमा वैज्ञानिक व्यवस्थापन गरी यसको आपूर्ति प्रणालीलाई व्यवस्थित गरिनेछ

१८.३.२ वातावरणीय पक्षलाई दृष्टिगत गर्दै सुधारिएको चुल्हो बाट गोल (चारकोल) उत्पादन गर्ने अभ्यासलाई प्रेरित गरिने छ

स्वामीकार्तिक खापर गाउँपालिका, सङ्घाउला, बाजुरा

१८.३.३ दाउरा, धानको भूस, काठको धुलो, कुहिएका काठ एवं अन्य कृषिजन्य वस्तुहरुको उपलब्धताको आधारमा ब्रिकेट, वायोफ्युल, प्यालेट, वायोमास ग्यासिफिकेशन आदि उत्पादन गर्न सकिने सम्भाव्य स्थानहरुको पहिचान गरी यसको व्यवसायीकरण, विकास तथा विस्तारमा जोड दिइनेछ ।

१८.३.४ ब्रिकेट र प्यालेट उत्पादनमा प्रयोग गर्न सकिने विभिन्न वस्तुहरुको पहिचान गर्न र यसको उत्पादन लागत कम गर्न अनुसन्धान कार्यलाई जोड दिइनेछ ।

१८.३.५ स्थानीय ज्ञान, सीप र साधनको प्रयोगलाई बढावा दिंदै ब्रिकेट, प्यालेट, वायोफ्युल, वायोमास ग्यासिफिकेशन आदिको प्रयोगमा जन चेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१८.३.६ परम्परागत रुपमा प्रयोग हुँदै आएको दाउराको प्रयोग न्यून गराउने खालका सुधारिएको चुलो तथा ग्यासिफायर जस्ता प्रविधिको व्यापक प्रयोग, विकास र विस्तारमा जोड दिइनेछ ।

## १८.४ सौर्य ऊर्जा

१८.४.१ जलविद्युत्को ग्रिड नपुगेको वा आर्थिक रुपमा ग्रिड लैजान महँगो पर्न जाने स्थानमा वसोवास गर्ने घरधुरीहरुका लागि घरेलु सौर्य ऊर्जाका प्रविधिहरु जडान गरी विद्युतीकरण गरिनेछ ।

१८.४.२ सौर्य ऊर्जालाई सिँचाइ, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक बत्तीजस्ता क्षेत्रहरुमा सामुदायिक तथा संस्थागत रुपमा सञ्चालनमा ल्याउन प्रोत्साहन गरिनेछ ।

१८.४.३ सिँचाइ सुविधा नपुगेका स्थानमा सौर्य ऊर्जाको प्रयोगबाट सिँचाइ सुविधा पुऱ्याई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुनुको साथै कृषकको आयआर्जनमा सघाउ हुने खालका योजनालाई विशेष प्राथमिकतामा राखिनेछ ।

१८.४.४ सौर्य ऊर्जालाई खाद्य वस्तु सुकाउने, पकाउने, पानी तताउने, पानी शुद्ध गर्ने, बत्ती बाल्ने, सञ्चार प्रणाली सञ्चालन गर्ने जस्ता कार्यसँग आवद्ध गरी यसको विकासलाई प्रोत्साहन गरिनेछ ।

स्वामीकार्तिक खापर गाउँपालिका, सुदुरपश्चिम, बाजुरा

१८.४.५ सौर्य चुल्होको उपयोग वृद्धि गर्न आवश्यक जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१८.४.६ सौर्य ऊर्जा उत्पादनमा प्रयोग गरिएका ब्याट्रीको सङ्कलन गरी पुनःप्रयोगको व्यवस्था तथा उचित विसर्जनको व्यवस्था मिलाइनेछ ।

१८.४.७ जलविद्युत्को सम्भावना नरहेको ठाउँमा सौर्य ऊर्जा, वायु ऊर्जा र सौर्य (वायु हाइब्रिड प्रणालीको विकास र उपयोगलाई प्रोत्साहन दिइनेछ ।

१८.४.८ ग्रामीण क्षेत्रमा सोलार थर्मल प्रविधिको विकासको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१८.४.९ उपयुक्त स्थानमा आवश्यकताअनुसार ग्रिडसहित व्यावसायिक स्तरका सौर्य ऊर्जाका प्रणाली निर्माण र सञ्चालन गर्ने ।

### १८.५ वायु ऊर्जा :

१८.५.१ वायु ऊर्जाको लागि सम्भाव्य स्थानहरुको पहिचान गरी सार्वजनिक-निजी क्षेत्रबीच साझेदारीको मोडलमा विकास तथा विस्तार गर्न पहल गरिनेछ ।

१८.५.२ वायु ऊर्जाका संरचना हरु समुदायलाई हस्तान्तरण गरी दिगो रुपमा सञ्चालन तथा मर्मतसम्भार गर्ने व्यवस्था मिलाइनेछ ।

### १८.६ सुधारिएको चुलो प्रविधि

१८.६.१ घरभित्रको धुवाँरहित तथा कम दाउरा खपत गर्ने सुधारिएको चुल्होका प्रकार र उपयोगिताको बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।

१८.६.२ भौगोलिक तथा सांस्कृतिक अवस्था सुहाउँदो घरायसी तथा संस्थागत सुधारिएको चुलोको अनुसन्धान, विकास तथा विस्तारमा जोड दिइनेछ ।

१८.६.३ ग्रामीण क्षेत्रमा उपयुक्त सुधारिएको चुलोको प्रविधि भित्र्याई यसको प्रयोग र विस्तारमा जोड दिइनेछ ।

१८.६.४ वातावरण संरक्षणसहित आयआर्जनमा टेवा पुऱ्याउन खालका गोल (चारकोल) उत्पादन गर्ने सुधारिएको चुल्होको निर्माण र प्रयोगलाई प्रेरित गरिनेछ।

**१८.७ सुधारिएको पानी घट्ट प्रविधि**

१८.७.१ ग्रामीण क्षेत्रमा परम्परागत पानी घट्टलाई सुधार गरी कुटानी तथा पिसानी सेवा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

१८.७.२ सुधारिएको पानी घट्टहरुमा प्रयोग हुने यन्त्र उपकरणहरु स्थानीय स्तरमा उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१८.७.३ सुधारिएको पानी घट्टबाट विद्युत् उत्पादन गर्न प्रोत्साहन गरिनेछ।

**१८.८ ग्रामीण विद्युतीकरण**

१८.८.१ राष्ट्रिय ग्रिड प्रणालीको विद्युत् सहकारी संस्था, उपभोक्ता समूह तथा स्थानीय सरकारले लिजमा लिई चलाउन सकिने व्यवस्था मिलाइनेछ।

१८.८.२ निजी क्षेत्र वा समुदायले विकास गरेका लघु जलविद्युत् योजनाहरुबाट उत्पादित विद्युत लिजमा दिन सक्ने व्यवस्था मिलाइनेछ।

१८.८.३ सामुदायिक, सहकारी संस्था तथा निजी विद्युत् आयोजनाहरुबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा (Wheeling) गर्न पाउने व्यवस्था मिलाउन पहल गरिनेछ।

१८.८.४ उपभोक्ताहरुको सहभागितामा हुने ग्रामीण विद्युतीकरण उनीहरुकै अग्रसरतामा कार्यान्वयन गरिने र उपभोक्ताको हीत सुनिश्चित हुने व्यवस्था मिलाइनेछ।

१८.८.५ प्रयोग नभइरहेको विद्युत्को अधिकतम उपयोग गर्ने सम्बन्धमा निर्धारित द्वैध मूल्य प्रणालीअनुसार कम  मूल्यको विद्युत्को प्रयोग ग्रामीण क्षेत्रमा सञ्चालन हुने विशेष गरेर कृषि, सिँचाइ, खानेपानी, लघु तथा घरेलु उद्योग, रोपवे जस्ता क्षेत्रहरुमा बढाउने व्यवस्था मिलाइनेछ।

स्थानीय राजपत्र, खाँदबारी नगरपालिका, सुर्खेत

(**नोटः**यस खण्डमा उल्लेखित प्रविधिहरुमध्ये आफ्नो पालिकाक्षेत्रभित्र उपलब्ध हुने स्रोत र प्रविधि तथा पालिकाको आफ्नो कार्यक्रममा पर्ने प्रविधिहरु मात्र राख्ने र कुनै प्रविधि थप गर्न आवश्यक भए थप गर्न सकिनेछ ।)

## १९. पुनरावलोकन :

१९.१ पालिकाले आवश्यकताअनुसार जहिलेसुकै र कम्तिमा दुई वर्षको अन्तरालभन्दा बढी नहुने गरी यो नीतिमा पुनरावलोकन गर्न सक्नेछ ।

१९.२ यस नीति तथा यस नीतिमा समय समयमा हुने संशोधनबारेको जानकारी प्रदेश सरकार र नेपाल सरकारको सम्बन्धित मन्त्रालय तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पठाइ आवश्यक सहकार्यका क्षेत्रहरु विस्तार गरिनेछ ।

## २०. खोरेजी र बचाऊ :

२०.१ नेपाल सरकारबाट यस अघि कार्यान्वयनमा रहेका ग्रामीण उर्जा नीति, २०६३ (२००६), नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ (२०१६), नवीकरणीय ऊर्जाको अनुदान वितरण प्रणाली, २०७०, नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३, जैविक ऊर्जा रणनीति, २०७३, संस्थागत ऊर्जा प्रणालीको वितरण प्रणाली र अनुदान, २०७० लघु जलविद्युत् कार्यक्रमलाई प्रदान गरिने अतिरिक्त आर्थिक सहायताका लागि अनुदान वितरण प्रणाली, २०७०, शहरी सौर्य ऊर्जा प्रणालीमा अनुदान र ऋण वितरण निर्देशिका, २०७२ र सौर्य सडक उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, (२०१५) अनुसार भए गरेका यस पालिकाक्षेत्रभित्रका कार्यजिम्मेवारी यसै नीति अनुसार भएको मानिनेछ ।

२०.२ यस पालिकाभित्र सञ्चालन हुने नवीकरणीय उर्जा सम्बन्धी सम्पूर्ण कार्यहरु यस नीतिको प्रतिकुल भएको हदसम्म स्वतः खारेज भएको मानिनेछ ।

*(स्वामीकार्तिक खापर गाउँपालिकाको नवीकरणीय ऊर्जा नीति, २०७६ को नीति १८ सँग सम्बन्धित)*

# अनुसूची १

## प्रविधिगत आर्थिक अनुदान तालिका

### १.लघु तथा साना जलविद्युत् (सामुदायिक, सहकारी, निजी, सार्वजनिक निजी साझेदारी)

| क्रसं | प्रणाली | (क) आयोजनामा आधारित अनुदान ( रकम रु.) | | | (ख) ऊर्जा खपतमा आधारित अनुदान (प्रतिशत) |
|---|---|---|---|---|---|
| | | वितरण प्रणाली (प्रति घरधुरी) | उत्पादन( उपकरण (प्रति किलोवाट) | उत्पादन( सिभिल संरचना (प्रति किवा) | |
| १. | १०-१००० किवासम्मका प्रणाली | रु. ३२,००० | रु.९५,००० | रु. ३०,००० | ५० प्रतिशत% |
| २. | १० किलोवाट क्षमतासम्मका प्रणाली | रु. ११,५०० | - | - | - |
| २.१ | ५-१०किलोवाट क्षमतासम्मका प्रणाली | - | रु.९५,००० | - | - |
| २.२ | ५ किवाभन्दा कम क्षमताका प्रणाली | - | रु.७०,००० | - | - |

नोटः अनुदान वितरण गर्दा पालिकाले आयोजनागत रुपमा (‘क’ बमोजिम) वा खपतमा आधारित (‘ख’ बमोजिम) भएर वितरण गर्नेछ ।

स्वामीकार्तिक खापर गाउँपालिका

## २. सुधारिएको पानि घट्ट :

| क्र. सं | प्रणाली | अनुदान रकम रु. | | |
|---|---|---|---|---|
| | | वितरण प्रणाली (प्रति घरधुरी) | उत्पादन(उपकरण (प्रति किलोवाट) | एकमुष्ठ |
| १ | सुधारिएको पानि घट्ट (५ किवासम्म विद्युत् उत्पादन गर्ने) : | | | |
| १.१ | पिसानी | रु. ११,५०० | - | - |
| १.२ | कुटानी तथा पिसानी | - | रु. ५०,००० | - |
| २ | सुधारिएको पानि घट्ट (विद्युत् उत्पादन नगर्ने) | | | |
| २.१ | पिसानी | - | - | रु. १८,००० |
| २.२ | कुटानी तथा पिसानी | - | - | रु. ३८,००० |

र्तिक खापर गाउँपालिका, सुर्दिजउला वार्ड, बाजुरा

## ३. सौर्य ऊर्जा :

| क्र. सं | प्रणाली | (क) आयोजनामा आधारित अनुदान (रकम रु.) | | | (ख) ऊर्जा खपतमा आधारित अनुदान ( प्रतिशत) |
|---|---|---|---|---|---|
| | | वितरण प्रणाली (प्रति घरधुरी) | उत्पादन-उपकरण (प्रति किलोवाट) | उत्पादन-सिभिल संरचना (प्रति किवा) | |
| १ | सौर्य घरेलु विद्युत् | | | | |

| क्र. सं | प्रणाली | (क) आयोजनामा आधारित अनुदान (रकम रु.) | | | (ख) ऊर्जा खपतमा आधारित अनुदान ( प्रतिशत) |
|---|---|---|---|---|---|
| | | वितरण प्रणाली (प्रति घरधुरी) | उत्पादन-उपकरण (प्रति किलोवाट) | उत्पादन-सिभिल संरचना (प्रति किवा) | |
| | प्रणाली : | | | | |
| १.१ | १०-२० वाट पिक क्षमता | रु. ५,००० | - | - | - |
| १.२ | ५० वाट पिकभन्दा बढी | रु. १०,००० | - | - | - |
| २ | सौर्य मिनी ग्रिड : | रु. ३२,००० | रु. १७५,००० | - | ६०% |
| नोट : वितरण प्रणालीका लागि अनुदान प्रति किलोवाट अदिकतम १० घरधुरीलाई उपलब्ध गरिनेछ ।<br>अनुदान वितरण गर्दा पालिकाले आयोजनागत रुपमा ('क' बमोजिम) वा खपतमा आधारित ('ख' बमोजिम) भएर वितरण गर्नेछ । | | | | | |

## ४. अन्य सौर्य ऊर्जा :

| क्र.सं | प्रणाली | अनुदान रकम रु |
|---|---|---|
| १ | ग्रामीण क्षेत्रका पाठशालामा कम्पुटर एवं विद्युतीय उपकरण सञ्चालन तथा अल्पतालमा व्यक्सिन रेफ्रिजीरेटर र विद्युतीय उपकरण सञ्चालन | रु. ५०,००० वा कुल योजना लागतको ६५% सम्म |
| २. | समुदाय वा निजी क्षेत्रले व्यवस्थापन गर्ने खानेपानी तथा सौर्य पम्पिङ प्रणाली | रु. १,५००,००० वा कुल योजना लागतको ६० % सम्म |

| क्र.सं | प्रणाली | अनुदान रकम रु |
|---|---|---|
| ३. | समुदाय वा निजी क्षेत्रले व्यवस्थापन गर्ने कृषियोग्य जमिनमा सिँचाइ सञ्चालन गर्न सौर्य पम्पिङ प्रणाली | रु. २,०००,००० वा कुल योजना लागतको ६०% सम्म |
| ४. | सौर्य सडक बत्ती | रु. ४,०००,००० वा कुल योजना लागतको ६० % सम्म |
| ५. | धार्मिक तथा अध्यात्मिक स्थलहरु | |
| | २० वाटसम्म | रु. ९,००० वा कुल योजना लागतको ८० % सम्म |
| | ५० वाट भन्दा माथि | २०,००० वा कुल योजना लागतको ७० % सम्म |
| ६ | सार्वजनिक शिक्षण संस्था, सार्वजनिक स्वास्थ्य केन्द्र र सामुदायिक अस्पतालमा सौर्य ऊर्जा प्रणाली जडान | रु. ५००,००० वा कुल यौजना लागतको ६०% सम्म |
| ७ | घरायसी कुकर | रु.१५,००० वा कुल योजना लागतको ६०% मध्ये जुन कम हुन्छ । |
| ८ | संस्थागत कुकर (अस्पताल, सैनिक एवं प्रहरी ब्यारेक, विद्यालय, वृद्धाश्रम र आश्रम आदि) | रु. १,०००,००० वा कुल यौजना लागतको ७५ % मध्ये जुन कम हुन्छ |
| ९ | ड्रायर : | |
| | ३-२० वर्ग फिट | रु. २२,५०० वा कुल योजना लागतको ६० % मध्ये जुन कम हुन्छ |
| | २१-८५ वर्ग फिट | रु. १५०,००० वा कुल योजना लागतको |

| क.सं | प्रणाली | अनुदान रकम रु |
|---|---|---|
| | | ७५ % मध्ये जुन कम हुन्छ |
| | ८५ वर्ग फिटभन्दा ठूलो | रु. २२५,००० वा कुल योजना लागतको ७५ % मध्ये जुन कम हुन्छ |
| १०. | व्यावसायिक प्रयोजनका लागि १५०० वाट पिक क्षमताभन्दा बढी र घरायसी प्रयोजनका लागि ५०० वाट पिक क्षमताभन्दा बढी सौर्य ऊर्जा प्रणाली जडानका लागि पाँच वर्षे मासिक किस्तामा बैंक ऋण लिँदा व्यावसायिक प्रयोजनका लागि ब्याजको ५०% रकम र घरायसी प्रयोजनका लागि ब्याजको ७५% रकम अनुदानस्वरूप बैंकमार्फत उपलब्ध गराइनेछ । | |
| ११ | प्रयोग भइरहेका इन्भर्टर, ब्याट्री प्रणालीहरुलाई सौर्य ऊर्जाबाट चार्ज गर्न वा नयाँ सौर्य ऊर्जा प्रणाली जडान गर्न २०० वाट पिक वा सोभन्दा बढी क्षमताका सौर्य ऊर्जामा प्रतिप्रणाली प्रतिपरिबार रु. २०,००० उपलब्ध गराइनेछ । | |

## ५. बायोग्यास :

| क.सं | प्रणाली | अनुदान रकम रु. | प्रति किवा विद्युत् उत्पादनको लागि थप अनुदान |
|---|---|---|---|
| १ | घरायसी बायोग्यास प्लान्ट (प्रति प्लान्ट प्रति घरधुरी) | | |
| | २ घनमिटर | रु. २०,००० | - |
| | ४ घनमिटर | रु. २५,००० | - |
| | ६ घनमिटरभन्दा बढी | रु. ३०,००० | - |
| | ४ घनमिटरभन्दा साना र भान्साबाट निस्कने | रु. १०,००० वा कुल | - |

| क.सं | प्रणाली | अनुदान रकम रु. | प्रति किवा विद्युत् उत्पादनको लागि थप अनुदान |
|---|---|---|---|
| | फोहर र अन्य घरायसी जैविक वस्तुको अधिकतम प्रयोग गरी वातावरण सुधार गर्ने खालका निर्धाति डिजाइन | लागतको ५०% सम्म | |
| २ | फोहरबाट ऊर्जामा आधारित बायोग्यास | | |
| २.१ | व्यावसायिक बायोग्यास प्लान्ट | | |
| | सानो (१२.५- ३५ घ मि) | रु. २४,००० | रु. ६५,००० |
| | मध्यम (३५-१०० घ मि) | रु. ३०,००० | रु. ६५,००० |
| | ठूलो (१०० घ मि भन्दा माथि) | रु. ३६,००० | रु. ६५,००० |
| २.१ | सार्वजनिक निकायमा निर्माण गरिने बायोग्यास प्लान्ट | रु. ६८,००० | रु. १८५,००० |
| २.२ | सामुदायिक वायोग्यास प्लान्ट | रु.५४,००० | रु. १५०,००० |
| २.३ | ...पालिकाबाट निस्कने फोहोरबाट वायोग्यास प्रणाली निर्माण गर्दा | २४०,००० वा कुल योजना लागतको ४० % सम्म | रु. ४००,००० वा कुल विद्युतीकरण लागतको ४० %सम्म |

स्वामीकार्तिक खापर गाउँपालिका सुर्दिजउला वार्ड, बाजुरा

## ६. जैविक ऊर्जा :

| क.सं | प्रणाली | अनुदान रकम रु. |
|---|---|---|
| १ | फलामे सुधारिएको चुल्हो : | |
| | एक वा दुईमुखे | रु. ३,००० प्रति घरधुरी |
| | तीनमुखे प्रति चुल्हो (प्रति घर धुरी) | रु. ४,००० वा लागतको ५०% सम्म |
| २ | संस्थागत सुधारिएको चुल्हो (सार्वजनिक शिक्षण संस्था, सार्वजनिक स्वास्थ्य संस्था, प्रहरी वा सैनिक ब्यारेक, धार्मिक स्थल, आश्रम) | रु. २०,००० वा लागतको ५०% सम्म |
| ३ | एकमुखे वा दुईमुखे पूर्ण रुपमा वा आंशिक रुपमा फलामे रकेट चुल्हो | रु. ३,००० प्रति घरधुरी वा लागतको ५०% सम्म |
| ४ | एकमुखे वा दुईमुखे पूर्ण रुपमा वा आंशिक रुपमा फलामे ग्यासिफायर प्रणालीको घरेलु चुल्हो | रु. ४,००० प्रति घरधुरी वा लागतको ५०% सम्म |
| ५ | ग्यासिफायर प्रविधिबाट तापीय ऊर्जा प्रयोग गरी लघु, साना, मझौला उद्यमहरुमा कृषिजन्य वस्तु प्रशोधनको लागि | रु. १५०,००० वा लागतको ५०५ सम्म |
| ६ | जैविक ऊर्जा स्रोतबाट विद्युतीकरण गर्ने विद्युतीय आयोजनाहरु (५माथि( १०० किलोवाट क्षमता) | वितरण प्रणाली (प्रति घर धुरी) : रु. ३२,०००<br>उत्पादन प्रणालीका लागि (प्रति कि वा) : रु. १२५,०००<br>ऊर्जा खपतमा आधारित अनुदान : |

स्वामीकार्तिक खापर गाउँपालिका, सुर्दीउला वाड, बाजुरा

| क.सं | प्रणाली | अनुदान रकम रु. |
|---|---|---|
| | | ५०% |

## ७. वायु र सौर्य-वायु मिश्रित ऊर्जा :

| क.सं | प्रणाली | अनुदान रकम रु. |
|---|---|---|
| १ | वायु ऊर्जा : | |
| | वितरण प्रणाली (प्रति घर धुरी) | रु. ३२,००० |
| | उत्पादन प्रणालीका (प्रति कि वा) : | रु. १७५,००० |
| २ | सौर्य-वायु ऊर्जा : | |
| | वितरण प्रणाली (प्रति घरधुरी) | रु. ३२,००० |
| | उत्पादन प्रणाली (प्रति कि वा): | रु. १७५,००० |

## ८. उत्पादनमूलक ऊर्जा प्रयोग :

| क.सं | प्रणाली | अनुदान रकम रु. |
|---|---|---|
| १ | नवीकरणीय ऊर्जामा आधारित लघु उद्योग एवं व्यवसायको हकमा ऊर्जा परिवर्तन र प्रशोधन उपकरण, व्यवसायको हार्डवयर तथा आधारभूत संरचनाको अंशमा | रु. १००,००० वा लागतको ४०% सम्म |
| २ | नवीकरणीय ऊर्जामा आधारित साना तथा मझौला उद्योग एवं व्यवसायको हकमा ऊर्जा परिवर्तन र प्रशोधन उपकरण, | रु. ३००,००० वा |

| क.सं | प्रणाली | अनुदान रकम रु. |
|---|---|---|
| १ | नवीकरणीय ऊर्जामा आधारित लघु उद्योग एवं व्यवसायको हकमा ऊर्जा परिवर्तन र प्रशोधन उपकरण, व्यवसायको हार्डवयर तथा आधारभूत संरचनाको अंशमा | रु. १००,००० वा लागतको ४०% सम्म |
| | व्यवसायको हार्डवयर तथा आधारभूत संरचनाको अंशमा | लागतको ३०% सम्म |
| ३ | स्थापित सामुदायिक विद्युतीकरणका आयोजनालाई व्यवसायको रुपमा सञ्चालन गर्ने सन्दर्भमा आवश्यक पर्ने उपकरण, हार्डवेयर तथा आधारभूत संरचनाको अंशमा | रु. ३००,००० वा लागतको ५०% सम्म |
| ४ | लघु जलविद्युत्ले ओगटेको स्थानमा पम्पिङबाट सिँचाइ गर्न आवश्यक पर्ने उपकरण तथा हार्डवयरमा | रु. १०,००,००० वा लागतको ६०% सम्म |

**नोटः**माथि तालिकामा प्रस्तुत अनुदान रकमको अंक सङ्घीय सरकार तथा प्रदेश सरकारको अनुदान नीतिसँग मेल खाने गरी अध्यावधिक गरी पालिकाबाट स्वीकृत गराई लागू गर्नुपर्नेछ ।

**आज्ञाले**
अमर बहादुर रोकाया
नि.प्रमुख प्रशासकीय अधिकृत

*"ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा कार्यक्रम(RERA), नेपाल सरकार र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय(BMZ)को सझेदारीमा नेपालको ग्रामिण क्षेत्रका घरधुरीहरुमा नवीकरणीय ऊर्जाको पहुँचमा सुधार गर्न संचालन गरिएको प्राविधिक सहयोग कार्यक्रम हो । यो कार्यक्रम वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC)र जि.आई.जेड(GIZ) द्वारा संयूक्त रुपमा कार्यान्वयन गरिएको छ ।"*